महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ चैत १३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 March 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २०८

## हिन्दू धर्मको मान्यतालाई खत्तम पार्ने खेलमा नेताहरू लागे –अभिनेता निखिल उप्रेती

प्रस, वीरगंज, १२ चैत/

नेपाली चलचित्रका अभिनेता निखिल उप्रेतीले हिन्दू धर्मको मूल्य, मान्यता तथा र परम्परालाई रक्षा गर्न सक्छ कि सक्दैन, त्यो पनि हेर्न जरुरी छ," उनले भने, "आजको समयमा नेताहरू धर्म र जबसम्म जागरण फैलिंदैन, तबसम्म बहुसङ्ख्यकरूपमा बसोबास गर्ने हिन्दूहरूको कल्याण हुन सक्दैन।"


तस्वीर: प्रतीक

सूत्रलाई खत्तम पार्ने खेलमा नेताहरू लागेको आरोप लगाएका छन् । वीरगंजमा सम्पन्न प्रबुद्ध नागरिक गोष्ठी एवं साहित्य परिचय कार्यक्रममा उनले बताएका हुन्। हिन्दू राष्ट्र स्वाभिमान जागरण अभियानद्वारा वीरगंजको जैन धर्मशालामा आयोजित कार्यक्रममा उनले भने, "आज हिन्दुवादी कुरा गर्ने बित्तिकै सबैले भन्ने गरेका छन्, वैज्ञानिक युगमा रूढिवादी कुरा गर्ने, तर ती व्यक्तिहरूलाई थाहा छैन, सनातन धर्मको वैज्ञानिक पद्धति र सूत्र ।" विदेशी शक्तिको दबाबमा नेपाललाई हिन्दू राज्यबाट धर्म निरपेक्ष राज्य घोषणा गरिएकोप्रति कटाक्ष गर्दै उनले भने नेपाली जनताकै कारण यस्तो अवस्था आएको पनि स्पष्ट पारे ।

"धर्मलाई राजनीतिसँग जोड्न खोजेको होइन, तर विनाराजनीति धर्म सुरक्षित रहन सक्दैन, त्यसैले अब हामीले चुन्ने नेता सनातन धर्मको मूल्य, मान्यता अध्यात्मको बिर्को खोल्नुभन्दा रक्सीको बिर्को खोल्नेमा मस्त छन् ।"

उनले कुनै समस्यालाई बिर्साउन रक्सीले अस्थायीरूपमा मात्र सक्छ, तर धर्म र अध्यात्मले कुनै पनि समस्यालाई जरादेखि निर्मूल पार्ने गरेको पनि दाबी गरे । उनले आजको समयमा छोराछोरी बुबाआमाबाट टाढा भइसकेका छन्, उनीहरूलाई हिन्दू धर्मको मूल्य मान्यता उल्लेख भएको धार्मिक पुस्तक र संस्कारसँग जोड्न पनि आवश्यक रहेको बताए ।

कार्यक्रमका विशिष्ट अतिथि एवं राजनीतिक विश्लेषक दिवेश झाले नेपाल हिन्दू राज्य भएको वैश्विक पहिचानमाथि नेपालका राजनीतिकर्मीहरूले आघात पुऱ्याएको पनि जिकिर गरे ।

"अहिले हिन्दूहरूलाई तोड्ने काम भइरहेको छ, कसले र किन गरिरहेको छ, सबैलाई थाहा छ," उनले भने, "समयमैं सच्चिनुपर्ने अवस्था छ, टोलटोलमा

कार्यक्रमका विशिष्ट अतिथि एवं वीरगंजका उद्योगपति अशोक बैदले हिन्दूहरूको सङ्ख्या घटाउन पछिल्लो जनगणनामा समेत विभेद र त्रुटि भएको दाबी गरे । "म वीरगंज महानगरको परिचित व्यक्ति हुँ, तर मेरो घरमा जनगणना गर्न कोही आएन," उनले भने, "नेपालको पछिल्लो जनगणना अनुसार जनसङ्ख्या कम देखिएको छ, त्यसमा पनि विदेशी शक्तिको इशारामा जनगणना भएको छ।" उनले पछिल्लोपटक नेपालमा हिन्दू धर्मावलम्बीमाथि दिनहुँ प्रहार भइरहेकाले हिन्दू समाज अब जाग्नुपर्ने बेला आएको बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष तथा कार्यक्रम संयोजक माधव राजपालको अध्यक्षता तथा नन्दन यादवको सहजीकरणमा सम्पन्न कार्यक्रममा साधुद्वय बजरङ्गी दास, शौरभ दास, राजनीतिक दलका अगुवा, समाजसेवीलगायतको सहभागिता थियो।

## भाठाधाम धार्मिक पर्यटकीय क्षेत्र घोषणा

प्रस, सेढवा, १२ चैत/

मधेस प्रदेश सरकारले शनिवार दूधेश्वरनाथ मन्दिर भाठाधामलाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गरेको छ ।

पटेर्वासुगौली गाउँपालिका अन्तर्गत पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलमा अवस्थित भाठाधामको धर्मशालामा आयोजित घोषणा कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले भाठाधामलाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गरे ।

भाठाधामको विकासका लागि प्रदेश सरकारले पाँच करोड रुपैयाँको योजना ल्याउन् प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री गद्दीले भारतका अन्य धामको भ्रमणभन्दा यही धामलाई प्राथमिकतामा राख्न आग्रह गरे । राष्ट्रिय निकुञ्ज प्रशासन तथा सरोकारका अन्य निकायसँग समन्वय गरी यस धामको विकासमा प्रदेश सरकार लागिपरेको मुख्यमन्त्री गद्दीले बताए ।

यस धार्मिक पर्यटकीय क्षेत्रको विकास, संरक्षण तथा प्रवर्द्धनका लागि


तस्वीर: प्रतीक

तीनै तहका सरकार र समिति एक जुट भएर अगाडि बढ्नुपर्ने जरुरी रहेको मुख्यमन्त्री गद्दीले बताए।

श्री श्री १०८ दूधेश्वरनाथ मन्दिर निर्माण तथा संरक्षण समितिको अध्यक्ष अलखदेवप्रसाद थारूको सभापतित्वमा सम्पन्न कार्यक्रममा मधेस प्रदेशका अर्थमन्त्री शैलेन्द्र साह, आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साह, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री शत्रुघ्न महतो, प्रदेश सांसद मन्सुर अन्सारी, करिमा बेगम, भीमा यादव, पूर्वमन्त्री मोहनलाल चौधरी, जसपाका केन्द्रीय सदस्य टेकबहादुर शाक्य, पटेर्वासुगौली गापाका अध्यक्ष हरिनारायण चौधरी, उपाध्यक्ष ममता महतो, सामाजिक अभियन्ता प्रकाश थारूलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## राष्ट्र बैंकद्वारा पोखरीयामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, १२ चैत/

नेपाल राष्ट्र बैंक र वीरगंजका 'क' वर्गका वाणिज्य बैंकहरूको संयुक्त आयोजनामा पोखरियामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल राष्ट्र बैंकले मनाइरहेको ग्लोबल मनी विक अभियानको अवसरमा पोखरियास्थित जिल्ला उचाङ्गल रामदेव कलवार मावि परिसरमा आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंक, वीरगंजका निर्देशक राजनदेव भट्टराईको सभापतित्व तथा पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण प्रसाद रौनियारको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा सेन्चुरी कमर्शियल बैंक तथा प्राइम बैंक वीरगंज शाखाका



प्रबन्धकद्वय शिवनाथप्रसाद साह र मेघनाथ सोनारले रेमिटेन्सको महत्त्व, पठाउने माध्यम तथा फाइदाहरूका बारेमा धारण व्यक्त गरेका थिए । उनीहरूले रेमिटेन्स पठाउँदा वैद्य माध्यमबाट पठाउन सेवाग्राहीलाई अपील गर्दै हुन्डी जस्ता अवैधानिक माध्यमबाट पैसा पठाउँदा ठगीमा पर्ने भएकोले सचेत बन्न पनि आग्रह गरे । साथै रेमिटेन्सबाट प्राप्त आयलाई सही ठाउँमा लगानी गर्न सुझाव दिए । नेपाल राष्ट्र बैंक, वीरगंज कार्यालयका निर्देशक भट्टराईले हालको वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमका बारेमा बताए । उनले नगद कारोबार तथा विप्रेषण जस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीकै प्रयोग गर्न पनि आग्रह गरे ।

कार्यक्रममा पोखरिया नगरपालिकाका प्रमुख रौनियारले स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति र पहुँच बढेसँगै बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने सुविधाहरूको सदुपयोग गर्न सुझाव दिए। कार्यक्रममा नेराबैंक वीरगंजकी उपनिर्देशक प्रियङ्का बस्न्यातले कार्यक्रमको उद्देश्य प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । कार्यक्रममा नेराबैंकका उपनिर्देशक सुधा श्रेष्ठ, कामु उपनिर्देशक कृष्णकुमार श्रेष्ठ, सहायक निर्देशक प्रदीप बानियाँलगायतको सहभागिता थियो । कार्यक्रममा पोखरिया नपाका १० वटा वडाका बासिन्दाहरूको सहभागिता थियो।

## चुनावमा सही व्यक्ति चुन्न आचारसंहिता पालन गर्नुपर्छ –मुख्य न्यायाधीश सुवेदी

प्रस, वीरगंज, १२ चैत/

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजकी मुख्य न्यायाधीश


कार्यक्रममा मन्तव्य व्यक्त गर्दै न्यायाधीश सुवेदी । तस्वीर: प्रतीक

शारदा सुवेदीले चुनावमा सही व्यक्ति चुन्न आचारसंहिता सशक्तरूपमा पालना गरी कार्यान्वयन गर्नुपर्ने बताएकी छन् । निर्वाचन आयोग र नेपाल कानून समाजले शनिवार वीरगंजमा आयोजित कार्यक्रममा उनले विश्वसनीय, निष्पक्ष र भयरहित वातावरणमा चुनाव सम्पन्न गराउन निर्वाचन आयोगले आचारसंहिता बनाएकोले त्यसको पालना गर्नुको विकल्प नभएको औंल्याइन्। "निष्पक्ष चुनाव भयो भने लोकतन्त्र संस्थागत हुन्छ, लोकतन्त्र संस्थागत भयो भने सभ्य समाज बन्छ," उनले भनिन्, "अन्तर्राष्ट्रियजगत्मा नेपालको जुन पहिचान छ, त्यो अझै मजबूत हुनेछ ।"

'निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाहरूको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रमको अध्यक्षतासमेत गरेकी मुख्य न्यायाधीश सुवेदीले चुनावमा आचारसंहिता पालना गराउन सुरक्षा निकायको काँधमा मुख्य जिम्मेवारी भएको भन्दै यदि आचारसंहिता पालना भएन भने त्योभन्दा दुर्भाग्यपूर्ण केही पनि नहुने चिन्ता प्रकट गरिन् । उनले सञ्चारकर्मीहरूलाई पनि तथ्यपरक समाचार मात्र लेखेर चुनाव निष्पक्ष गराउन सहयोग गर्न अपील गरिन्। उनले कसैलाई पक्षपोषण हुने समाचार लेखिएको खण्डमा आचारसंहिता उल्लङ्घन भएको पाइए कानूनबमोजिम कारबाही हुन सक्ने भएकोले पनि सजग गराइन् ।

कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव विष्णुदत्त गौतमले निर्वाचन आचारसंहिताको परिचय, आवश्यकता र महत्त्वलगायतका बारेमा प्रकाश पारेका थिए। यस्तै, पूर्व कानून सचिव एवं नेपाल कानून समाजका कार्यकारी सदस्य माधव पौडेलले राजनीतिक दलको आय तथा व्यय, निर्वाचन खर्च तथा निर्वाचन प्रचारप्रसार सामग्रीसम्बन्धी आचारसंहिताबारेमा जानकारी गराए ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण कटुवालले निर्वाचनको समयमा जिल्ला प्रशासन कार्यालयको पनि जिम्मेवारी बढ्ने हुँदा शान्त र सभ्यरूपमा निर्वाचन सफल गर्न हरसम्भव प्रयास गर्ने बताएका थिए ।

कार्यक्रममा सहभागी राजनीतिक दलका प्रतिनिधि तथा अगुवाहरूले आचारसंहिता पालना गराउन निकै चुनौती रहेको धारणा राखेका थिए । वक्ताहरूले आचारसंहिता उल्लङ्घन गरेको उजुरी पर्दासमेत कारबाही नहुने गरेको बताए। साथै, निर्वाचन आयोगले

(बाँकी अन्तिम पातामा)

## भारतमा बेच्न लैजाँदै गरेको दुईवटा हात्तीसहित तीनजना पक्राउ

प्रस, पोखरिया, १२ चैत/

भारततर्फ बिक्री गर्न लैजाँदै गरेको अवस्थामा दुईवटा हात्तीसहित तीनजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा हात्तीसहित माउते भरतपुर महानगरपालिका–१८ जीतपुर बस्ने ६० वर्षीय बुद्धिराम महतो, अर्का माउते राजु कुमाल र हात्ती बिक्री गर्ने पर्सा पकहामैनपुर गाउँपालिका–५ सबैठवा बस्ने सफरोज आलम रहेका छन्।

नेपालबाट भारततर्फ हात्ती बेच्न लगिरहेको गोप्य सूचनाको आधारमा शनिवार मध्याह्न १२ बजे इलाका प्रहरी कार्यालय, पोखरियाबाट खटेको टोलीले तीनैजनालाई पकहामैनपुर गाउँपालिका–५ पोखरिया टोलबाट पक्राउ गरेको थियो।


तस्वीर: प्रतीक

पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले हात्ती र मानिसलाई आवश्यक कारबाहीका लागि पर्सा राष्ट्रिय निकुञ्जमा बुझाइएको बताए। पक्राउ गरिएको हात्ती अवैधरूपमा चितवन जिल्लामा पालिएको र तस्करी गर्न भारत लगिरहेको प्रहरीलाई सूचना आएको थियो ।

## विचारसार र सूक्तिहरू

**ज्ञान धनभन्दा उत्तम हुन्छ, किनभने तिमीले धनको रक्षा गर्नुपर्छ र ज्ञानले तिम्रो रक्षा गर्छ ।**

**– अली**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७८, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# आफ्नो विवेकको आदर

सबैभन्दा कठिन कुरा यो हो कि मनुष्य विवेक-विचारद्वारा जुन कुरालाई ठीक सम्झन्छ, त्यस अनुसार चेष्टा गर्दैन । यसमा प्रधान कारण विश्वासको कमी हो । कुरा ठीक छ, बुद्धि र युक्तिद्वारा बुझ्नुपर्ने कुरा हो, त्यो बुझ्छ तर स्वीकार गर्दैन । किनभने विश्वास नै हुँदैन । जसरी अनुभव हुन्छ, त्यसैगरी अगाडि बढ्छ र स्वीकार गर्छ । अनुभव हुँदै गएपछि साधना पनि बढ्दै जान्छ । जुन विषयमा विश्वास हुन्छ, त्यसलाई ग्रहण गर्न चाहन्छ । लौकिक खतराको बारेमा थाहा पाएपछि बच्ने प्रयत्न गर्छ तर पारमार्थिक खतरालाई जानेर पनि तत्पर हुँदैन । यसको कारण विश्वासको कमी हो । सत्सङ्ग, शास्त्रमा जस्तो कुरा सुनेको हुन्छ र भजन-ध्यानबाट थाहा पाएको हुन्छ तर मनमा जँचेको हुँदैन कि यो कुरा ठीक छ । ध्रुवले भगवान् पाए, शास्त्रमा यो कुरा आउँछ तर उसलाई विश्वास हुँदैन भने यो विश्वासको कमी हो, जसबाट तत्परतामा कमी भएको थाहा हुन्छ । प्रथमतः भगवान् छ, यसमाथि पूरा विश्वास छैन । दोस्रो कुरा, उनी भेटिन्छन् तर यस विश्वासमा कठिनता छ । तेस्रो कुरा, आफूले पाउन कठिन सम्झिन्छ । यसबाट साधनमा कमी आउँछ । साधन हुँदैन । शास्त्रमा ठाउँ-ठाउँमा लेखिएको छ, त्यसमा विश्वास छैन । यसैले चेष्टामा कमी आउँछ । भगवान् भेटिन्छन् तर पनि हामी वञ्चित किन हुन्छौं । सबै मानिस उनीबाट लाभ उठाउँछन्, उसो भए हामी किन वञ्चित रहन्छौं ? यस प्रकारको अविश्वासको कारण यो हो कि संसारमा दम्भ धेरै छ । जहाँ देख्छौं, त्यो पोल नै पोल छ । सत्यता निकै कम देखिन्छ । साधु सयमध्ये नब्बेजना त नापास नै हुन्छन् र दशमा यो श्रद्धा हुन्छ कि यो राम्रो छ, जिज्ञासु छ, ती दशहरूमा पनि प्राप्तिवाला शायदै कोही निस्किन्छ, यस्तो दशा छ । हात केही लाग्दैन । गृहस्थमा त झनै कठिनाइ छ । सयमध्ये शायदै दशजना राम्रा निस्किन्छन् ।

**मनुष्याणां सहस्त्रेषु कश्चिद्यतति सिद्धये । यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः॥**

हजारौं मनुष्यमध्ये कोही एक मेरो प्राप्तिको लागि यत्न गर्छ र त्यस यत्न गर्ने योगीहरूमध्ये कोही एक मेरो परायण भएर मलाई तत्त्वबाट अर्थात् यथार्थरूपले जान्दछ ।

यो प्रतीत हुन्छ कि धेरै गृहस्थलाई यो थाहा हुँदैन कि परमात्मा र साधन गर्नाले उनी प्राप्त हुन सक्छन् । शहरका मान्छे चलाख भएर र देहातका मान्छे लाटो भएर पनि जान्दैनन् । नास्तिकता बढी चलाखहरूमा फैलिन्छ । विद्याबाट नास्तिकता जान्छ र आस्तिकता आउँछ । मनुष्य आफ्नो ध्येय निर्णय गरेर विचार तथा बुद्धिद्वारा साधन गर्दैन । यसको कारण श्रद्धाको कमी हो । हामी मान्छौं कि सत्य बोल्नु ठीक हो । विवेकबाट मान्यौं, तर जबसम्म क्रियारूपमा आउँदैन, तब बुझ्नुपर्छ अहिले श्रद्धा छैन । आलस्य, विषयासक्ति र अश्रद्धा बाधक छन् । प्रधान त अश्रद्धा हो । श्रद्धा छ भने सबै दोष भाग्छ । मान्छेमा आत्मबल छैन । आत्माको कमजोरी हो । तपाईं एउटा सिद्धान्त मान्नुहुन्छ, त्यसलाई भय, लोभ, काम, क्रोध कुनै कारणले त्याग्नुहुन्छ भने त्यो आत्मबलको कमी हो ।

हरिश्चन्द्रमाथि कतिऔं विपत्ति आइलाग्यो तर उनी सत्यबाट डगमगाएनन् । श्रापको भयले धर्मलाई त्यागेनन् । आफ्नो आराम, स्त्री-पुत्रको त्याग गरे, आफूलाई बेचे । भित्री आत्मबल छ भने जुन सिद्धान्तलाई मान्छौं, त्यसलाई छोड्दैनौं । अज्ञता नासमझी हुन्छ, जसबाट परमात्मा, स्वयम् र संसार के हो- यो जान्दैन । बुद्धि तीक्ष्ण नभएको कारण अध्यात्मविषयलाई बुझ्नमा बुद्धिको कमी हुन्छ । यदि समझको कमी छैन तर धारण भइरहेको छैन भने श्रद्धाको कमी छ । सम्झेर मान्छौं तर लोभ, भय तथा कामबाट दबेको छ भने आत्मामा कमजोरी छ र मान्नमा छैन ।

एकजना मान्छेको अन्य मान्छेमाथि असर पर्छ । आफ्नो प्रभावको कारण, दयाको कारण वा नरम भएको कारण असर पर्छ भने यो राम्रो हो तर लठ्ठीको प्रभावबाट अन्यमाथि असर पर्छ- यो गुण होइन दबाबले हुन्छ, कायरता हो । शिशुपालले भीष्म तथा भगवान् कृष्णमाथि धेरै आक्षेप गरे । भीमसेनमा विवेक वा विनय थिएन, क्रोध थियो । उनले सहन सकेनन् । युधिष्ठिर क्षमाका स्वरूप थिए । द्रौपदी-चीरहरणको समय भीमको रौं-रौंमा आगोको झिल्का उठ्न थाल्यो । युधिष्ठिर चुप रहे । युधिष्ठिरमा कायरता थिएन, वीरता, धीरता, गम्भीरता र धार्मिकता थियो ।

> **भीमसेनमा विवेक वा विनय थिएन, क्रोध थियो । उनले सहन सकेनन् । युधिष्ठिर क्षमाका स्वरूप थिए । द्रौपदी-चीरहरणको समय भीमको रौं-रौंमा आगोको झिल्का उठ्न थाल्यो । युधिष्ठिर चुप रहे । युधिष्ठिरमा कायरता थिएन, वीरता, धीरता, गम्भीरता र धार्मिकता थियो ।**

## सर्वतीर्थमयी गोमाता

**गवां हि तीर्थे वसतीह गङ्गा पुष्टिस्तथा तद्रजसि प्रवृद्धा ।**
**लक्ष्मीः करीषे प्रणतौ च धर्मस्तासां प्रणामं सततं च कुर्यात् ॥**

**गौ-रूपी तीर्थमा गङ्गा आदि सबै नदी तथा तीर्थ निवास गर्छ र गाईहरूको रजःकणमा सबै प्रकारको निरन्तर वृद्धि हुने धर्म-राशि एवं पुष्टिको निवास रहन्छ । गाईको गोबरमा साक्षात् भगवती लक्ष्मी निरन्तर निवास गर्छिन् र उनलाई प्रणाम गर्दा चतुष्पाद धर्म सम्पन्न हुन्छ । अतः बुद्धिमान् एवं कल्याणकामी पुरुषले गाईलाई निरन्तर प्रणाम गर्नुपर्छ ।**

**– विष्णुधर्मोत्तरपुराण**

# रेल सपनाको दुर्गति

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

> **पानीजहाज, रेल, विमानस्थल, सडकलगायतका योजनाको रणनीतिक उपयोगभन्दा नेतालाई लोकप्रिय हुने लहड र राजनीतिक खपतको विषय बढी बनेको देखिन्छ । यी योजनाको आर्थिक सम्भाव्यता, स्थान छनोट, योजनाको कार्यान्वयन नेताका लागि भाषणबाजी र राजनीतिक स्टन्टको विषय बढी बन्दा लाभको अवसर टाढिएको छ ।**

नेपालमा रेल सपना अहिलेदेखिको होइन । तर रेलमार्ग निर्माण र विस्तारको गति र प्रगति अहिलेसम्म भरपर्दो देखिएको छैन । अहिले निकै चर्चामा रहेको जनकपुर-जयनगर रेल यसको उदाहरण बनेको छ । लामो समयसम्म त्रिपाल ओढाएर राखिएको रेल अहिले कानुन नभएकाले सञ्चालन गर्न नसकिएका कुराहरू आइराखेकामा हाले राष्ट्रपतिबाट अध्यादेशमार्फत समस्याको गाँठो फुकाउने काम भएको छ । तथापि रेल कहिलेदेखि चल्छ, टुङ्गो छैन । सरकारले हतारमा किनेर ल्याएको रेल एक समय चलाउने कर्मचारी नै नभएपछि त्रिपालमुनि थन्काएर राखिएको थियो । अहिले भारतीय जनशक्ति झिकाएर विनायात्रु गुडाउन थालिएको छ । पार्टपुर्जा खियाले खान थालेपछि परीक्षणको नाममा यात्रु नबोकी दिनको एकपटक चलाउन थालियो । एक महीनाजति चलाएपछि अहिले आएर चलाउने खर्च धान्न नसकेर दिन बिराइ चलाउने भनिएको छ । नेपाल र भारतका प्रधानमन्त्रीबाट उद्घाटन हुने भनिए पनि यो विषय अन्योलमा परेको छ । खासमा यो रेल यतिबेला बाँदरको पुच्छर, लौरो न हतियारजस्तै भएको छ ।

रेल सञ्चालनका लागि शुरूमा जनशक्तिको समस्या भयो । रेल सञ्चालन नगरी राख्दा खिया मात्र लाग्दैन, रेलको लिक पनि बिग्रने सम्भावना हुन्छ । यसको समाधानको लागि विनायात्रु रेल चलाउँदा दैनिक १८ हजार रुपैयाँको डिजेल मात्रै खर्च भइराखेको छ । यसको जनशक्तिमा लागेको खर्चसमेत जोड्दा यो अझ बढी हुन्छ । यही खर्च घटाउन अब महीनामा १५ दिन मात्र सञ्चालन गरिने भएको हो ।

नेपाल सरकारले यो रेल भारतको कोन्करबाट २०७७ असोज २ गते ८४ करोड ६५ लाख रुपैयाँमा खरीद गरी ल्याएको थियो । खासमा हामीकहाँ यातायात पूर्वाधारको रणनीतिक योजनाको अभाव नै यस्ता योजनाले प्रभावकारीरूपमा काम गर्न नसक्नुको कारण हो । सरकारसँग यातायातको रणनीतिक योजना छैन । रेल, सडक, विमानस्थलजस्ता पूर्वाधारमा आर्थिक सम्भाव्यता होइन, नेताहरूको स्वार्थ, लहड र लोकप्रियताको भोकले काम गरेको छ । परिणाम, यस्ता योजनाले लाभ होइन, उल्टै राज्यकोषमाथि भार सृजना गरिराखेका छन् ।

विकास पूर्वाधार अपरिहार्य छन्, यसमा द्विविधा छैन । महत्त्वाकाङ्क्षी योजनाका तानाबाना बुनिराख्दा निर्माणपछिको सञ्चालनको पूर्वाधार पनि चाहिन्छ । व्यावसायिक सम्भाव्यतालाई बेवास्ता गर्न मिल्दैन । विकास संरचनाको सञ्चालनकै लागि सरकारी ढुकुटी खन्याउने अवस्था नआओस्, यसका निम्ति कम्तीमा पूरक आधारको प्रबन्ध चाहिन्छ । सरकारले यातायातलाई सम्पर्क र आर्थिक समृद्धिको आधार माने पनि रणनीतिक योजनाको अभाव छ । प्रादेशिक सन्तुलतसहितको यातायात विकासका लागि रणनीतिक योजना सुनिएको थियो, यी कागजी प्रतिबद्धताबाट बाहिर आउन सकेका छैनन् ।

आर्थिक रूपान्तरणका लागि रेलवे प्रभावकारी हुन्छ, यसमा विवाद छैन । ढुवानी लागतको हिसाबले रेलमार्ग सडकमार्ग भन्दा निकै सस्तो मानिन्छ । रेलभन्दा पनि जलमार्ग अझ सस्तो हुन्छ । सडकमा गुड्ने एउटा ट्रकले एकपटकमा एउटा कन्टेनर वा अधिकतम ३० मेट्रिकटन मालसामान बोक्दा रेलले ९० कन्टेनर बोक्छ । पानी जहाजले एकैपटकमा हजारौं कन्टेनर ओसार्छ । यही सामान्य हिसाबले पनि ढुवानीमा सबैभन्दा सस्तो जलमार्ग हो । त्यसपछि क्रमशः सडक र रेलमार्ग पर्दछन् । हामीकहाँ जलमार्गको सम्भाव्यताका कुराहरू पनि निकै उठेका छन् । तर त्यसमा अपेक्षित काम हुन सकेको छैन । सरकारले पानीजहाज कार्यालय पनि खोलेको त छ, तर त्यो कार्यालयले के काम गरिरहेको छ, कसैलाई जानकारी र वास्तोसमेत छैन । भूगोलका हिसाबले हामीकहाँ जलमार्गको तुलनामा रेलमार्ग सहज हुन सक्छ ।

सरकारले पूर्व-पश्चिम ९४५ किलोमिटर रेलमार्गलाई राष्ट्रिय गौरवको योजनामा राखेको छ । तर यसको गति गौरव होइन, लज्जाको विषयजस्तो बनेको छ । सीमान्त शहरहरूलाई रेल सञ्जालमा जोड्ने योजना बनाइएको छ । पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, वीरगंज-काठमाडौं रेलमार्ग र सिमरा-बर्दिबास रेलमार्गका कुरा धेरै भएका छन् । यस्ता योजनामा बर्सेनि बजेट हाल्ने गरिएको छ । उत्तर छिमेक चीनको सिमाना जोड्ने अभिप्रायले रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी ५१९ किलोमिटर रेलमार्गको सम्भाव्यता अध्ययन थालिएको थियो । रेलमार्गको अवधारणा दशक पुरानो भएपनि राजधानीमा मेट्रो र मोनो रेलको चर्चा पनि बेलाबेलामा हुने गरेको छ । एक समय वीरगंजको सीमावर्ती भारतीय शहर रक्सौलबाट बाराको अमलेखगंजसम्म रेल चल्थ्यो । आज यो रेलमार्गका अवशेष पनि मुश्किलले भेटिन्छन् ।

भारतले मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन बनाउँदा पाइपलाइन होइन, रेललाइनको खाँचो औंल्याएको थियो । पाइपलाइनलाई चितवनसम्म विस्तार गर्ने योजना अघि बढेको छ । वीरगंजको सुख्खा बन्दरगाहसम्म आइपुगेको रेल अमलेखगंजसम्म लैजाँदा पेट्रोलियम मात्र नभएर औद्योगिक कच्चा पदार्थ पनि ओसार्न सकिन्थ्यो । तर नेपाललाई पेट्रोलियम आयातमा आफूमा निर्भर बनाउन चाहेको भारतको रुचि पेट्रोल पाइपलाइनमा थियो । हामीले आफ्नो आवश्यकता बुझेर पनि त्यसलाई स्थापित गर्न सकेनौं ।

अहिले रेलमार्ग विस्तारका कुराहरू मात्र बढी भइराखेका छन्, कामले गति लिन सकेको छैन । सम्भाव्यता अध्ययनका कुराहरू हुन्छन्, तर अध्ययनमै यति समय सकिन्छ कि योजना पूरा हुँदा यसको लागत नै दोब्बर, तेब्बर पुगिसक्छ । कुनै पनि योजनाको औचित्यलाई समयसीमाले फरक पार्दछ । हामीकहाँ यस्ता योजना तयार हुँदा, त्यो योजनाको सान्दर्भिकता नै करीब समाप्त भइसकेको हुन्छ । कुनै समयसीमापछि त्यस्ता योजनाको ओज कम भइसकेको हुन्छ । काठमाडौंका लागि मेलम्चीको पानी यस्तो योजनाको उदाहरण हो । जुन समयमा मेलम्चीको योजना बन्यो, त्यति बेला तोकिएको समयभित्र पानी ल्याउन सकिएको भए त्यसले काठमाडौंका बासिन्दाको तिर्खा मेट्न यो योजना पर्याप्त थियो । ३०/३५ वर्षपछि आज मेलम्ची काठमाडौंका लागि पर्याप्त छैन । तापनि पानी आउने/नआउने टुङ्गो छैन । त्यसको परिदृश्यमा देखिएका अन्य बेथितिहरूको बेलिविस्तार त अलग बहसको विषय बन्न सक्छ । हामीकहाँ अघि बढाइएका अधिकांश गौरवका योजनाको हविगत यस्तै छ । यातायात पूर्वाधारमा त यो समस्या अझ बढी छ ।

सरकारले भारत र चीनसँग रेलमार्गबाट जोडिने प्रयास गरे पनि कार्यान्वयनमा प्रगति देखिएको छैन । कुनै अध्ययन, अनुसन्धानविनै योजना थाल्ने र अलपत्र पार्ने परिपाटी हामीकहाँ विकास योजनाका औसत समस्या हुन् । अहिले सतहमा देखिएको जनकपुर-जयनगर रेल मात्र होइन, विगतमा नेपाल वायुसेवा निगमले चीनबाट झिकाएको वाइडबडी विमान पनि विनायात्री ल्याइएको थियो । लामो समय थन्क्याएर राखिएको जहाज अझै पनि बजारको अभावमा घाटामा चलिराखेको छ । निजी कम्पनी धमाधम नाफामा चल्दा सरकारी जहाजले बजारसमेत नपाउने अवस्था किन बनेको छ ? भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण भइसकेर जेठ २ गतेदेखि व्यावसायिक उडान थाल्ने योजना बनेको समाचार आएका छन् । सञ्चालन कसले गर्ने भन्ने अझै निश्चित भइसकेको छैन । यस्ता पूर्वाधारलाई छिटोभन्दा छिटो सञ्चालनमा ल्याएर उपयोग गरिनुपर्दछ । यो योजना र उद्देश्यविनाको हचुवा निर्णयको परिणाम हो । अझ स्पष्ट भन्नुपर्दा सरकारी खरीदमा अन्तर्निहित अनधिकृत आर्थिक लाभको लोभ यस्ता बेथितिको भित्री कारणको रूपमा स्थापित छन् ।

पानीजहाज, रेल, विमानस्थल, सडकलगायतका योजनाको रणनीतिक उपयोगभन्दा नेतालाई लोकप्रिय हुने लहड र राजनीतिक खपतको विषय बढी बनेको देखिन्छ । यी योजनाको आर्थिक सम्भाव्यता, स्थान छनोट, योजनाको कार्यान्वयन नेताका लागि भाषणबाजी र राजनीतिक स्टन्टको विषय बढी बन्दा लाभको अवसर टाढिएको छ । अहिले नेपालमा रेलमार्गको कुरा पनि यस्तै बेथितिको शिकार बनेकोमा किन्तुपरन्तु आवश्यक छैन ।

# भिएसओ र आसमान नेपालको जोखिम मूल्याङ्कनबारे छलफल

प्रस, रौतहट, १२ चैत/

गौर नगरपालिकाका प्रमुख अजय गुप्ताले कोभिडले हामीलाई धेरै क्षति पुऱ्याउनुका साथै स्वास्थ्य संरचनालाई बलियो बनाउने सुनौलो अवसर प्रदान गरेको बताए ।

शुक्रवार जिल्लास्तरीय जोखिम मूल्याङ्कन, प्रसार तथा उपलब्धि एवं छलफल कार्यक्रममा नगरप्रमुख गुप्ताले स्वास्थ्य संस्थालाई अझ प्रभावकारीरूपमा अगाडि बढाउने बताए । गौर नगरपालिकाले Disaster management planning बनाइसकेकोसमेत बताए ।

नेपाल रेडक्रस सोसाइटीका सभापति सञ्जीवकुमार मल्लिकले स्वास्थ्य संस्थालाई अझ सबल एवं प्रभावकारी बनाउने दायित्व सरकारको हो, न कि गैससको बताउँदै कोभिड महामारीमा स्वास्थ्यकर्मी साथीहरूले पुऱ्याएको योगदानको लागि विशेष धन्यवाद दिए ।

प्रादेशिक अस्पताल, गौरका प्रमुख डा कृष्ण साहले भने, "सङ्घीय, प्रदेश र विश्व स्वास्थ्य सङ्गठनको तत्त्वावधानमा Emergency operation system लागु भइसकेको छ । दैवी प्रकोपसँग सामना गर्नका लागि आपत्कालीन योजनामा साधारण एवं विशेष योजना पनि बनाउनुपऱ्यो, जुन कार्यको लागि हामी पनि हातेमालो गर्न तयार छौं ।" जिल्ला स्वास्थ्य कार्यालयका महेश साहले महिला स्वयंसेविकालाई धन्यवाद दिंदै स्वास्थ्य

(बाँकी तेस्रो पातामा)

# विकराल र भयावह छ अति उद्योगीकरणको विपत्ति

**पाठक/पत्र प्रतिक्रिया**

११ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'अति उद्योगीकरणले ल्याएको विपत्ति'मा बिल्कुल सही तर थोरै तथ्य औंल्याइएको छ । अति उद्योगीकरणको नोक्सान केवल पारिवारिक विखण्डन, उद्यम लालसाको निर्माण र पैसाको संस्कृतिको विकास मात्र होइन, यो भावी मानवताको विनाश लिएर आएको छ । यो लेख पढ्दा पनि खटमिठी चकलेट चपाइरहेको छु म, जसमा निर्माताको मुनाफाबाहेक जीवन धान्न कुनै आवश्यकता छैन । केटाकेटीको लागि चिप्स नलगियो भने रुन थाल्छन् र निर्माता कम्पनीले त्यसै रुवाइको दोहन गरिरहेको छ । समयको गतिलाई कसैले रोक्न त सक्दैन तर त्यसको दिशा बदल्न र सदुपयोग भने अवश्य गर्न सक्छ । शिकारी युगबाट कृषि युगमा हाम फाल्दा पनि मानिसले विरोध गरेको थियो तर युग परिवर्तन भएर छाड्यो र त्यस अनुसार सकारात्मक सभ्यताको विकास पनि भयो । समयको वेगलाई रोक्न सकिएन । कृषि युगबाट उद्योगीकरणको युगमा हाम फाल्दा पनि त्यसलाई सराप्ने मानिसको कमी भएन । त्यसको विरुद्धमा साहित्यका पानाहरू भरिएका छन् । स्वयम् गाँधी मशिनीकरणको विरुद्ध थिए । तर उनले पनि समयको वेगलाई रोक्न सकेनन् । रेलगाडी, हवाईजहाज, रकेट आदि हुँदै मानिस अन्तरिक्षमा पुगेको छ । यसको दिशा अवश्य ठीक लाग्छ तर अति उद्योगीकरणको दिशा पृथ्वीको लागि अवश्य ठीक लाग्दैन । यो त आफ्नो बगैंचा मासेर अरूको बगैंचा ताक्ने सरहको कुरा हो । हकिंग्सले पनि त यही भनेका छन्, अति छिटो पृथ्वी रहन लायक रहनेछैन । अतः मानिसलाई अर्को ग्रहमा सर्नुबाहेक अर्को उपाय छैन । तर यो स्थिति आयो कसरी ? अति उद्योगीकरणले नै त हो । अब त्यसको रोकथाम नगरेर अन्य ग्रहमा जानु त युद्धग्रस्त युक्रेनबाट मानिस अन्यत्र शरणार्थी बन्ने सरह कुरा हो । करिश्मा त तब हुन्छ, जब आफ्नो बगैंचा पनि हराभरा बनोस् र अरूको पनि । पृथ्वीको बलि दिएर मङ्गल प्राप्त गर्नु कुनै पुरुषार्थ हो जस्तो मलाई लाग्दैन । अति उद्योगीकरणले घरका चार छोरा देशकै चार शहरमा मात्र होइन मेरो त एउटा अमेरिका, एउटा रूस, एउटा भारत र एउटा काठमाडौंमा छ । म बूढो चाहिं अरूले बनाएको खाना खाएर मृत्युलाई पर्खिरहेको छु । खोइ कुन्नि मृत्युको बेला पनि छोराहरू आउनेछन् वा छैनन् ? विद्युत् शवदाह गृहमा क्षणभरमा शेष भएको शरीरको भष्म गङ्गाको दर्शन पाउने हो कि होइन ? यसैलाई भनिन्छ सांस्कृतिक विनाश । यहाँसम्म पुग्छ अति उद्योगीकरणको विकराल र भयानक परिणाम ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# आइएमएफले उच्च मुद्रास्फीतिसँग जुध्न अर्जेन्टिनालाई ४४ अर्ब अमेरिकी डलरको सहयोग गर्ने

वाशिङ्टन, १२ चैत/एएनआई

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को कार्यकारी बोर्डले अर्जेन्टिनालाई देशको ऋण दिगोपन सुदृढ गर्न र उच्च मुद्रास्फीतिको सामना गर्न ४४ अर्ब अमेरिकी डलर विस्तारित व्यवस्थालाई अनुमोदन गरेको जनाएको छ।



तस्वीरः फाइल

"अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)को कार्यकारी बोर्डले शनिवार अर्जेन्टिनाको ४४ अर्बको विस्तारित कोष सुविधा अन्तर्गत ३० महीना विस्तारित व्यवस्थालाई अनुमोदन गऱ्यो," शुक्रवार विज्ञप्तिमा भनिएको छ। आइएमएफले सार्वजनिक वित्तलाई सुदृढ पार्ने र निरन्तर उच्च मुद्रास्फीति"लाई कम गर्न शुरू गर्ने लक्ष्य राखेको छ।

अर्जेन्टिनाले असाधारण आर्थिक र सामाजिक चुनौतीको सामना गरिरहेको छ, जसमा निराशाजनक प्रतिव्यक्ति आय, उच्च गरीबीस्तर, लगातार उच्च मुद्रास्फीति, भारी ऋणको बोझ र कम बाह्य बफर छन्।

यस पृष्ठभूमिमा अधिकारीको आर्थिक कार्यक्रमले व्यावहारिक र यथार्थपरक उद्देश्य सेट गर्दछ, बृहत् आर्थिक स्थायित्वलाई सुदृढ गर्न र अर्जेन्टिनामा गहिरो बसेका चुनौतीलाई सम्बोधन गर्नका लागि विश्वसनीय नीति बनाउन आइएमएफकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले बताइन्।

# जी-७ राष्ट्रद्वारा उत्तर कोरियाद्वारा मिसाइल प्रक्षेपणको निन्दा

वाशिङ्टन/एएनआई

जी-७ राष्ट्रले उत्तर कोरियाद्वारा बिहीवार गरिएको इन्टरकन्टिनेन्टल ब्यालिस्टिक मिसाइल परीक्षणको निन्दा गरेको अमेरिकी विदेश मन्त्रालयको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ।

"हामी क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, युनाइटेड किङ्डम र संयुक्त राज्य अमेरिकाका जी-७ विदेशमन्त्री र युरोपेली सङ्घका उच्च प्रतिनिधि लोकतान्त्रिक जनगणतन्त्रद्वारा ब्यालिस्टिक मिसाइलको निरन्तर परीक्षणको कडा निन्दा गर्दछौं," भनिएको छ।

विदेशमन्त्रीहरूले उत्तर कोरियालाई सुरक्षा परिषद्को सम्बन्धित प्रस्तावबाट उत्पन्न हुने सबै कानूनी दायित्वको पूर्णपालना गर्न आग्रह गरेका छन्। उनीहरूले संयुक्त राज्य अमेरिका, कोरिया गणतन्त्र र जापानलगायत सम्बन्धित सबै पक्षले राखेका बारम्बार वार्ताका प्रस्तावलाई स्वीकार गर्न कोरियालाई आह्वान गरे।

मन्त्रीहरूले सामूहिक विनाशकारी हतियारको जोखिमप्रति भने, "हामी सबै राज्यलाई संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा लगाइएका उत्तर कोरियासम्बन्धी सबै प्रतिबन्धात्मक उपाय प्रभावकारीरूपमा लागू गर्न र सामूहिक विनाशकारी हतियार प्रसारको जोखिमलाई सम्बोधन गर्न आह्वान गर्दछौं।"

यसैबीच भारत र दक्षिण कोरियाले पनि उत्तर कोरियाद्वारा गरिएको लामो दूरीको ब्यालेस्टिक मिसाइल परीक्षणको निन्दा गरेका छन्। रासस

# चीनद्वारा श्रीलङ्कालाई दुई हजार टन चामल सहयोग

कोलम्बो, १२ चैत/सिन्ह्वा

चीनले गम्भीर आर्थिक सङ्कटमा परेको श्रीलङ्कालाई आपत्कालीन सहयोग स्वरूप दुई हजार टन चामल उपलब्ध गराएको छ।

कोलम्बोस्थित चिनियाँ दूतावासले शुक्रवार वक्तव्य जारी गर्दै छिमेकी मुलुकको आधारभूत जिम्मेवारी स्वरूप दुई हजार टन चामल उपलब्ध गराइएको जनाएको हो।

चीनले श्रीलङ्कालाई उपलब्ध गराएको चामलको मूल्य झन्डै २५ लाख अमेरिकी डलर पर्ने पनि वक्तव्यमा उल्लेख गरिएको छ।

मुलुकमा आर्थिक सङ्कट उत्पन्न भएपछि विद्यार्थीको परीक्षाका लागि कागज किन्नसमेत नसकेको श्रीलङ्काले सहयोगका लागि सबैलाई अनुरोध गरेको थियो।

श्रीलङ्काको आग्रहकै आधारमा सहयोग उपलब्ध गराइएको पनि चिनियाँ दूतावासद्वारा जारी वक्तव्यमा लेखिएको छ। कोरोना भाइरसको महामारी र त्यसपछिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न परिस्थितिका कारण श्रीलङ्का सङ्कटमा परेको श्रीलङ्काली अधिकारीले दाबी गरेका छन्।

चीन र श्रीलङ्काबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६५औं वार्षिकोत्सव चलिरहेकोले दुई देशको सम्बन्ध निकै पुरानो भएकोले पनि चीनले सहयोग गर्ने दूतावासको भनाइ छ।

चीनले श्रीलङ्कालाई आफ्नो क्षमता अनुसार आर्थिक तथा सामाजिक विकासका लागि अन्य सहयोग पनि निरन्तर गर्ने जनाएको छ। रासस

# छात्राका लागि विद्यालय खुला गर्न माग गर्दै प्रदर्शन

काबुल, १२ चैत/एएफपी

अफगानिस्तानमा छात्रालाई पनि विद्यालयमा अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्ने माग गर्दै प्रदर्शन गरिएको छ।

अफगानिस्तानको राजधानी काबुलमा झन्डै दुई दर्जन महिलाले "विद्यालय खोल" भन्ने माग गर्दै शनिवार प्रदर्शन गरेका हुन्।


तस्वीरः फाइल

विद्यालयमा पढ्न, पढाउन पाउनु आफूको आधारभूत अधिकार भएकाले विद्यालय जान पाउने व्यवस्था गर्नुपर्ने प्रदर्शनकारी महिलाको माग छ।

अफगानिस्तानमा तत्कालीन तालिबान विद्रोहीले सत्ता कब्जा गरेपछि महिलालाई अध्ययन अध्यापन तथा रोजगारी लगायतका कार्यमा सहभागी हुन नपाउने घोषणा गरेको थियो।

सरकारको सो घोषणाप्रति विश्वभरबाट आलोचना भएको थियो भने महिलालाई अध्ययन, अध्यापन र रोजगारमा वञ्चित गर्ने निर्णय सच्याउन दबाब परेको थियो। तर तालिबानी उच्च अधिकारीले भने त्यति बेलादेखि नै केही समयका लागि मात्रै यस्तो व्यवस्था गरिएको र चाँडै नै महिलालाई पनि अध्ययन, अध्यापन गर्न दिइने प्रतिबद्धता जनाउँदै आएका थिए।

प्रतिबद्धता अनुसार तालिबान सरकारले गत हप्तादेखि छात्रालाई विद्यालय जान दिने निर्णय गरेको थियो। तर विद्यालय खुला हुनुभन्दा केही घण्टा अगाडि सरकारले निर्णय उल्टयाउँदै अहिलेसम्म पनि छात्रालाई विद्यालय जान नपाइने व्यवस्था कायमै राखेको छ।

यही २३ मार्चदेखि छात्रालाई विद्यालय जान दिने निर्णयबाट खुशी भएका महिला तथा अधिकारवादी सबै अहिले फेरि निराश भएका छन्। तालिबानी अधिकारीको तत्कालीन प्रतिबद्धताका आधारमा कतिपय मुलुक अफगानिस्तानप्रति नरम पनि बन्दै गएका थिए। अहिले विद्यालयमा छात्रालाई जान दिने निर्णय कार्यान्वयन नगरेपछि भने विश्वभरबाट चिन्ता र चासो व्यक्त भएको छ।

विद्यालय जान पाउनु आफूहरूको आधारभूत मानव अधिकार भएकाले यसलाई राजनीतिकरूपमा लिन नहुने प्रदर्शनकारीको भनाइ छ।

हामीलाई विद्यालय जान देउ, हामीलाई न्याय देउ जस्ता माग राख्दै प्रदर्शनकारीले काबुलमा गरेको प्रदर्शनलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले निकै महत्त्व दिएका छन्। उनीहरूको आन्दोलनप्रति अधिकारवादी सङ्घसंस्था तथा निकायले पनि ऐक्यबद्धता जनाएका छन्। रासस

## आजको राशिफल


| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – राज्यभय |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – शत्रुभय | कन्या – यात्रालाभ |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – कान्तिक्षय | मकर – भाग्योदय |
| कुम्भ – बेचैनी | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ऊर्जा सङ्कटको असरः निर्माणाधीन आयोजनालाई शीघ्र सम्पन्न गर्न सकारात्मक दबाब

काठमाडौं, १२ चैत/रासस

कोइला प्लान्टबाट बिजुली उत्पादन गर्ने भारतमा अत्यधिक मूल्यवृद्धि भएपछि त्यसको प्रत्यक्ष प्रभाव नेपालमा परेको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतियुनिट रु ३८ मा आयात गरेको बिजुली उपलब्ध गराइरहेको छ।


तस्वीरः फाइल

'इनर्जी एक्सचेन्ज मार्केट'मा लगातार बिजुलीको भाउमा वृद्धि भएपछि त्यसले पारेको प्रभाव कति समयसम्म जान्छ भन्ने कुनै अनुमान गर्न सकिंदैन। तर नेपालका लागि भने यस्तो जटिलता आगामी डेढ महीनाका लागि मात्रै भएको प्राधिकरणको भनाइ छ।

वर्षाको समयमा बिजुली खेर जाने, हिउँदको समयमा आयात गर्नुपर्ने बाध्यात्मक अवस्थामा प्राधिकरण छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको बिजुली प्रणालीमा जोडिएपछि धेरै सहज महसूस गरेको प्राधिकरणले चैत लागेपछि भने दबाब झेल्नुपरेको छ। त्यसो त भारतबाट हाल ठूलो परिमाणमा बिजुली आयात गर्नुपरेको छैन।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार आवश्यकताका आधारमा ३५० देखि ४०० मेगावाट बराबर मात्रै आयात गर्नुपरेको छ। नेपालका अधिकांश आयोजना नदी प्रवाही प्रकृतिका छन्। चर्को सुक्खा मौसमका कारण नदीमा जलसतह घटेपछि ती आयोजनाबाट एक तिहाइ मात्रै बिजुली उत्पादन हुने गरेको छ। निजी क्षेत्रका अधिकांश आयोजना सोही प्रकृतिका छन्।

प्राधिकरणको प्रणालीमा कुल माग एक हजार ६०० मेगावाट बराबर छ। त्यसमा प्राधिकरणका आफ्नै आयोजना, सहायक कम्पनी र निजी क्षेत्रका आयोजनाबाट कुल एक हजार ३०० मेगावाट बराबरको बिजुली प्रवाह हुन्छ। बाँकी ३०० मेगावाट बराबरको बिजुली अपुग हुन जान्छ। कहिलेकाहीं अस्वाभाविकरूपमा माग बढ्न जाँदा थप ४०० मेगावाट बराबरको बिजुली जोहो गर्नुपर्ने हुन्छ। त्यसका लागि आयात नगरी सुखै छैन।

भारतमा दिनभर सौर्य परियोजनाबाट उत्पादन भएको बिजुली प्रवाह हुन्छ। जब साँझ पर्दै जान्छ, सौर्य प्रणालीको बिजुली उत्पादन बन्द हुन्छ र कोइलाको प्लान्ट चलाउनुपर्छ। कोइला आयातमा देखिएको विश्वव्यापी असरका कारण सम्झौता अनुसार नेपालले बिजुली नपाएपछि साँझको समयको व्यवस्थापनका लागि महँगो मूल्य तिरेरै भएपनि आयात गर्नुपरेको प्राधिकरणको भनाइ छ।

कुनै पनि सङ्कटले नयाँ अवसरको समेत खोजी गर्छ भनेजस्तै निर्माणमा रहेका आयोजनालाई शीघ्र सम्पन्न गर्नुपर्ने दबाब बढ्दै गएको छ। प्रसारण प्रणाली तथा अन्य प्राविधिक तयारी पूरा भए चालू आवको अन्त्यसम्ममा नै प्रणालीमा १५० देखि २०० मेगावाट बिजुली थप हुन सक्ने सम्भावना छ। त्यसका लागि सरकारले निजी ऊर्जा उद्यमीलाई पनि प्रेरित गर्नुपर्ने दायित्व हुन जान्छ।

त्यसो त आगामी असारदेखि नेपालको प्रणालीमा उपलब्ध हुने बिजुली नै खेर जाने अवस्था आउनेछ। हाल कुल जडित क्षमता एक हजार २५० मेगावाटको हाराहारीमा पुगेको छ। सरकारले चालू आवको अन्त्यसम्म एक हजार ३०० मेगावाट बराबरको बिजुली थप हुने प्रक्षेपण गरेको भएपनि झन्डै ७०० मेगावाट बराबरको बिजुली थप भइसकेको छ।

निर्माणको अन्तिम चरणमा रहेका आयोजनालाई पनि जतिसक्दो चाँडो काम सम्पन्न गर्न आफूहरूले आग्रह गरेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ। सामान्यभन्दा अलिक बढी मिहिनेत गर्ने हो भने दोर्दी करिडोरमा मात्रै थप ११८ मेगावाट बिजुली थप हुन्छ।

यस्तै, सोलु करिडोरमा पनि १५० मेगावाट बराबर बिजुली थप हुने अवस्था छ। प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण सम्पन्न गरी चार्ज गरिसकेको छ। यसबाट प्रसारण लाइनको अभावमा बिजुली खेर जाला कि भन्ने आशङ्काको समेत अन्त्य भएको छ।

हाल निजी क्षेत्रले तीन हजार ५०० मेगावाट बराबरको आयोजना निर्माण गरिरहेका छन्। ती आयोजनालाई पनि शीघ्र सम्पन्न गर्ने दबाब पछिल्लो सङ्कटका कारण पैदा भएको छ। स्वतन्त्र ऊर्जा उद्यमीहरूको संस्था नेपाल (इपान)ले विद्युत् खरीद सम्झौता (पिपिए)को प्रक्रिया नरोक्न माग गरिरहेका छन्। सङ्कटले त्यसलाई पनि सहज बनाउने अवस्था सिर्जना भएको छ।

त्यसो त प्राधिकरणले गत कात्तिकदेखि भारतमा ३९ मेगावाट बिजुली निर्यात गरेको थियो। आगामी मनसुनमा थप ८०० मेगावाट बिजुली निर्यातको प्रस्ताव गरेको छ। भारतमा कोइला सङ्कटका कारण देखा परेको ऊर्जाको अभावलाई परिपूर्ति गर्न नेपाल तयार छ भन्ने सङ्केत पनि निर्यातको परिमाणले अभिव्यक्त गरेको छ।

वर्षाको समयमा यता पूर्ण क्षमतामा आयोजना चल्ने उता भारतमा बढी बिजुली आवश्यक पर्ने भएकाले त्यो नेपालका लागि अर्को महत्त्वपूर्ण अवसर हुन जान्छ। ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले राजनीतिक तथा कूटनीतिकरूपमा नेपालको बिजुली भारत निर्यात गर्ने विषयमा छलफल भइरहेको पटकपटक सार्वजनिक गरिसकेकी छन्।

नेपाल र भारतका ऊर्जा सचिवको हालै सम्पन्न संयुक्त बैठकमा समेत यस विषयले प्राथमिकता पाएको थियो। कोइलाबाट बिजुली उत्पादन गर्नुभन्दा स्वच्छ हरित ऊर्जाको स्रोतको खोजी गर्नु उपयुक्त हुने मत भारतमा उत्तिकै रहेको छ। निजी क्षेत्रले बिजुली निर्यातका लागि पहल गरिरहेको छ।

तर आन्तरिक खपत बढाउने विषय नै प्रमुखरूपमा मुखर बनेर आएको छ। कार्यकारी निर्देशक घिसिङका अनुसार देशभित्रै खपत बढाउने योजना अनुसार नै काम भइरहेको छ। पछिल्लो छ महीनामा मात्रै ३०० मेगावाट बराबरको थप माग औद्योगिक क्षेत्रबाट थपिएको उनको भनाइ छ। "आन्तरिकरूपमा बढाउने नै हो। तर बढी भएको बिजुली बिक्री गर्ने र आफूलाई आवश्यक परेको बेलामा आयात गर्न हामी तयार हुनुपर्छ," कार्यकारी निर्देशक घिसिङले भने।

सङ्कटले अवसर पनि ल्याउँछ भनेजस्तै डेढ महीना नेपालका लागि सङ्कट परे जस्तो भएपनि हाम्रा आगामी दिन उज्ज्वल रहेको उनको भनाइ छ। किनकि गत वर्षामा मात्रै निर्यात हुन नसक्दा झन्डै रु पाँच अर्ब बराबरको बिजुली खेर गएको थियो। आगामी मनसुनमा भने त्यो अवस्था नआउने प्राधिकरणको विश्वास छ।

### भिएसओ र आसमान नेपाल....

केन्द्रहरूमा कुर्सीलगायत आवश्यक फर्निचरको अभाव रहेको खण्डमा उचित सेवा दिन पनि गाह्रो हुने बताउँदै आसमान नेपालको कामको प्रतिफल के त ? भन्ने प्रश्न गरेका थिए।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष प्रेमचन्द्र झाले स्वास्थ्य सेवामा कुनै पनि बेला सानो रकमको आवश्यकता हुन्छ, जुन स्वास्थ्य संस्थामा अभाव रहन्छ। यसको साथै सानो उपकरणको अभावमा स्वास्थ्य सेवा कसरी दिन सम्भव छ भन्ने प्रश्न गर्दै त्यतातिर ध्यान दिन जरुरी रहेको बताए।

गौर नगरपालिकाका सूचना अधिकारी सरोजकुमारलाल दासले "कार्यक्रम तथ्यगत भयो तर तथ्याङ्कगत भएन" भन्दै स्वास्थ्यकर्मीहरूलाई तालीम दिएर अझ सक्रिय बनाउन जोड दिए।

कार्यक्रमको मुख्य उद्देश्यबारे भिएसओका राष्ट्रिय प्रकोप तथा जोखिम विशेषज्ञ रोहित यादवले प्रकाश पारेका थिए। सबैभन्दा बढी बाढीको प्रकोप रौतहट जिल्ला र त्यसमा पनि गौर रहेकोले यस जिल्लाको अवस्था कहालीलाग्दो हुनुको कारणले नै स्वास्थ्य क्षेत्र पछाडि परेकोमा राम्रो गर्नुपर्ने आवश्यकता रहेको छ भन्ने कुरा यादवले बताए। यसका साथै रोहित यादवले आम जनतालाई समयमा स्वास्थ्य सेवा उपलब्ध गराउनुमा निजी क्षेत्रको पनि ठूलो योगदान रहेको भन्दै महिला स्वयंसेविकाको योगदान एवं सेवा अति नै महत्त्वपूर्ण रहेको बताएका थिए।

कार्यक्रममा भिएसओका Disaster consultant किरण सेढाईले कार्यक्रमको बारेमा विस्तृत व्याख्यान एवं उपयोगिता तथा आवश्यकतामाथि प्रकाश पारेका थिए।

कार्यक्रममा गढीमाई तथा गौर नगरपालिकाका सबै स्वास्थ्य केन्द्रका प्रमुख तथा प्रतिनिधिलगायत महिला स्वयंसेविका, सरोकारवाला एवं सञ्चारकर्मीहरूको सहभागिता थियो। कार्यक्रम छोटो समयमा धेरै नै उपयोगी तथा प्रभावकारी रहेको सहभागीहरूको भनाइ थियो। कार्यक्रमको सञ्चालन डा वीरेन्द्र सिंहले गरेका थिए भने कार्यक्रममा सहभागीहरूलाई स्वागत दिनेश साहले गरेका थिए।

रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं।
वीरगंज महानगरपालिका

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ | प्रतीक | जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# पटेर्वासुगौलीमा पुरानै उम्मेदवारहरूको दाबेदारी बढी

ओमप्रकाश चौधरी, सेढवा, १२ चैत/


हरिनारायण चौधरी, ममता महतो, दिनेश चौधरी, कविता पञ्जियार


फरमान मियाँ, विजय गैरे, सुलेमान मियाँ दर्जी, माधवराउत थारू, विपिन मुखिया। तस्वीरः प्रतीक

स्थानीय चुनावको तयारी पटेर्वासुगौली गाउँपालिकामा पनि जोडसोडका साथ शुरू छ। गत स्थानीय चुनावमा जितेका र हारेका दुवैथरी यो चुनावमा पनि होमिने देखिएका छन्। गत स्थानीय चुनावमा पटेर्वासुगौलीमा नेपाली काङ्ग्रेसले कार्यपालिकामा बहुमत ल्याएको थियो। अध्यक्षमा एमालेका हरिनारायण चौधरी र वडाध्यक्षमा दुईजनाबाहेक सबै पदमा काङ्ग्रेसले जितेको थियो। यसपटकको निर्वाचनमा पनि मुख्यरूपले नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच प्रतिस्पर्धा हुने चर्चा छ। यद्यपि चुनावमा अन्य पार्टीहरूको पनि सहभागितासँगै उम्मेदवारहरूको चर्चा पनि चलिरहेको छ।

एमालेबाट आगामी स्थानीय चुनावमा वर्तमान अध्यक्ष चौधरीकै नाम चर्चामा छ। नेकाबाट अध्यक्ष पदका लागि दिनेश चौधरीको नाम चर्चामा छ। यसैगरी, नेपाल सुशासन पार्टीले पनि यसपटक चुनावमा उम्मेदवारी दिने भएको छ। सो पार्टीबाट अध्यक्षमा लालबाबू रामको नाम चर्चामा छ। उपाध्यक्षमा नेकाबाट जितेकी ममता महतोको नामसँगै आसमोहनी देवीको नाम पनि अगाडि आएको छ। दुईमध्ये एकजना उम्मेदवार हुने निश्चित छ।

नेपाल सुशासन पार्टीबाट उपाध्यक्षमा कविता पञ्जियारको नाम चर्चामा छ। गत चुनावमा पञ्जियार पराजित भएकी थिइन्। एमालेबाट उपाध्यक्षमा मन्तुरा देवीको नाम चर्चामा छ। वडाध्यक्षमा एमालेबाट १ नं का वर्तमान वडाध्यक्ष फरमान मियाँकै नाम चर्चामा छ भने वडा नं ३ मा वीरेन्द्र चौधरी, वडा नं ४ मा राजेश दास र वडा नं ५ मा वर्तमान अध्यक्ष मोतीलाल साहको नाम चर्चामा छ। त्यस्तै, एमालेबाटै वडाध्यक्षमा नयाँ आकाङ्क्षीहरूमा शनिराउत थारू, नौशाद अन्सारी र द्वारिका उपाध्यायको नाम पनि चर्चामा छ।

नेकाबाट वडा नं १ मा सुलेमान मियाँ दर्जी, वडा नं २ मा वर्तमान वडाध्यक्ष विजय गैरे, वडा नं ३ मा पनि वर्तमान वडाध्यक्ष माधवराउत थारू, वडा नं ४ मा वासु पञ्जियार र वडा नं ५ मा विपिन मुखियाको नाम चर्चामा छ। नेपाल सुशासन पार्टीबाट वडाध्यक्षमा राजकिशोर दासको नाम चर्चामा छ।

**आगलागीबाट सावधानी अपनाऔं**

**निम्न कारणबाट आगलागी हुन सक्छ,**

- आगोको प्रयोगमा होशियारी नअपनाउँदा,
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरीबतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरवाही गर्दा,
- चटयाङ पर्दा तथा बिजुलीको तार सर्ट हुँदा।

त्यसैले सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**




# ४ महिलासहित ५७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १२ चैत/

माई फिटनेश जिम क्लबको आयोजनामा शनिवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज-१५ स्थित नेशनल मेडिकल कलेजअगाडि जिम क्लबमा आयोजित रक्तदान कार्यक्रममा चारजना महिलासहित ५७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ।

रक्तदान गर्नेमा राजेशकुमार साह, सरोज चौरसिया, विक्की चौरसिया, बुनिलालप्रसाद चौरसिया, राहुल सहनी, मुन्नी देवी, सन्ध्या प्रधानलगायतले रक्तदान गरेको प्राविधिक धीरेन्द्र झाले बताए।

# सामुदायिक विद्यालय एक साताका लागि बन्द

प्रस, सेढवा, १२ चैत/

शिक्षक सेवा आयोगको परीक्षामा सहभागी हुन शिक्षकहरूले जाने भएपछि पर्साका सामुदायिक विद्यालयहरू एक साताका लागि बन्द गरिएका छन्।

जिल्लाका सबै स्थानीय तहमा रहेको नेपाल शिक्षक महासङ्घको सिफारिशमा स्थानीय तहले चैत १३ देखि १८ गते शुक्रवारसम्म बिदा दिएको छ। करार, अस्थायी, बालबालिका सहयोगी कार्यकर्ताहरू आयोगको परीक्षा र स्थायी शिक्षकहरू आन्तरिक बढुवाको परीक्षामा सहभागी हुन जाँदा विद्यालयमा न्यून जनशक्ति बाँकी हुँदा विद्यालय बन्द गरिएको जनाइएको छ।

## चुनावमा सही व्यक्ति....

जारी गरेको खर्चको विवरण अनुसार आफूहरूले खर्च गरे चुनावमा चिया खर्च बराबरको खर्च पनि नपुग्ने बताएका थिए। स्थानीय तहमा महानगरको प्रमुखलाई कुल साढे सात लाख खर्च गर्न सकिने व्यवस्था छ। यसरी उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका प्रमुख तथा वडाध्यक्ष, सदस्यहरूको खर्च दर निकै न्यून रहेको औंल्याएका थिए।

सानो पाइलाकी उपाध्यक्ष डा सुषमा तिवारीले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सहजीकण नागरिक संवाद केन्द्र मधेस प्रदेशकी प्रमुख रेखाकुमारी झाले गरेकी थिइन्।

# खेलकुदको संसार

## सिमरा गोल्डकपः विजय युथलाई पराजित गर्दै एनआरटी सेमिफाइनलमा प्रवेश

प्रस, वीरगंज, १२ चैत/

विजय युथ क्लब, हेटौंडालाई पराजित गर्दै न्यूरोड टीम (एनआरटी) जगदम्बा १२औं जीतपुरसिमरा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। सिमरा रङ्गशालामा शनिवार भएको खेलमा एनआरटीले विजय युथमाथि ३-१ को जीत निकालेको थियो।

एनआरटीको जीतमा मासुकी इहिनी अलोमोले दुई र स्टेफेन समीरले एक गोल गरे। हेटौंडाका लागि विमल



तस्वीर सौजन्यः आयोजक क्लब

रानामगरले गोल गरेका थिए। निर्धारित समयमा दुवै टीमले १-१ को बराबरी खेलेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो। अतिरिक्त समयमा एनआरटीले दुई गोल थप्दै फराकिलो जीत हात पारेको हो। खेलमा लिएको सुरुआती अग्रता जोगाउन नसक्दा हेटौंडा प्रतियोगिताबाट बाहिरिन पुग्यो।

खेलको १८औं मिनेटमा अमिर श्रेष्ठको पासमा विमल रानामगरले हेडमार्फत गोल गर्दै टीमलाई अग्रता दिलाएका थिए। प्रतिस्पर्धात्मक खेलको २१औं मिनेटमा एनआरटीले बराबरी गोल फर्कायो। विशाल तामाङको क्रसलाई सदुपयोग गर्दै मासुकीले खेल १-१ को स्थितिमा पुऱ्याएका थिए। मासुकीको गोलपछि खेल रोमाञ्चक बन्न पुगेको थियो।

करीब चार हजार दर्शकको उपस्थिति रहेको रङ्गशालामा दुवै टीमले उत्कृष्ट खेल पस्किए। निकै प्रतिस्पर्धात्मक बनेको निर्धारित समयमा दुवै टीमले गोल गर्न नसकेपछि खेल अतिरिक्त समयमा पुगेको थियो। अतिरिक्त समयको पहिलो मिनेटमैं एनआरटीले खेलमा अग्रता लियो। एनआरटीका मासुकीले व्यक्तिगत दोस्रो गोल गर्दै खेल २-१ को स्थितिमा पुऱ्याए।

मासुकीको गोलपछि हेटौंडा केही दबाबमा देखियो। खेलमा अग्रता लिएपछि आक्रामक देखिएको एनआरटीले लगातार अवसर बनायो र अतिरिक्त समयको २५औं मिनेटमा गोलअन्तर फराकिलो पाऱ्यो। वन भर्सेस वनको अवसर पाएका स्टेफेन समीरले गोल गर्दै एनआरटीको जीतलाई सहज बनाएका थिए।

एनआरटीको जीतमा दुई गोल गरेका मासुकी खेलको म्यान अफ दी म्याच घोषित भए। उनले नगद पाँच हजार प्राप्त गरे। प्रतियोगिता अन्तर्गत आइतवारको खेल हिमालयन शेर्पा क्लब र सशस्त्र प्रहरीको एपिएफ क्लबबीच हुनेछ।

नवजनजागृति युवा क्लबको आयोजनामा जारी प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिता चैत १९ गतेसम्म सञ्चालन हुनेछ।

# पर्सागढीमा जसपाको कार्यकर्ता भेला सम्पन्न

प्रस, पर्सागढी, १२ चैत/

पर्सागढी नगरपालिकास्थित आमोदेवी मन्दिरको प्राङ्गणमा जनता समाजवादी पार्टी नेपालका नगर संयोजक शेख खुर्सेदको अध्यक्षतामा नगरस्तरीय अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ।


तस्वीरः प्रतीक

भेलामा आगामी चुनावमा पार्टीलाई जिताउन कार्यकर्ताहरूलाई सङ्गठित गर्नुपर्ने बताउँदै जिल्ला अध्यक्ष रामनरेश यादवले समाजमा रहेका विभेद जसपा मिटाउने बताए।

भेलामा पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले हाम्रो पार्टीलाई जिताउन हामीले गरेका कामहरू जनतालाई सम्झाउनुपर्ने बताइन्।

कार्यक्रममा अन्य पार्टीबाट आएका नेता, कार्यकर्ताहरूलाई अबीर, टीका लगाएर स्वागत गरिएको थियो।

कार्यक्रममा मधेस प्रदेश सदस्य महराज यादव, प्रकाश बैठा, गोपी यादव, अशोक यादव, ओसियर मियाँलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# चुनावी अभियान अन्तर्गत नेकाको घरदैलो

प्रस, बिरुवागुठी, १२ चैत/

'घर-घर जाऔं, काङ्ग्रेस जिताऔं' अभियान अन्तर्गत पर्सागढी नगरपालिका वडा नं ३ मा शनिवार घरदैलो कार्यक्रम सम्पन्न भएको छ।

नेपाली काङ्ग्रेस वडा कार्यसमितिका सभापति बलिरामकुमार शुक्लको सभापतित्वमा भएको कार्यक्रमको नेपाली काङ्ग्रेस क्षेत्र नं २ प्रदेश (क)का सभापति तथा जिल्ला प्रतिनिधि वेदमन दास थारूले शुभारम्भ गरेका थिए। थारूले काङ्ग्रेसका उम्मेदवारलाई जिताउन कार्यकर्ताहरू जनताको घर-घर पुग्नुपर्ने बताए।

कार्यक्रममा वडा अन्तर्गतका हरेक टोलमा टोल कमिटी गठन गर्ने तथा काङ्ग्रेसका उम्मेदवारलाई जिताउन हरेक कार्यकर्ता लाग्नुपर्ने निर्णय भएको छ।

अगुवा कार्यकर्ता भेलामा महाधिवेशन प्रतिनिधि सुकमान तामाङ, प्रदेश प्रतिनिधि सुन्दरराज मैनाली, हरि चौधरी, रामराज चौधरी, शम्भु दास, सुरेश पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सहजीकरण वडा कार्यसमितिका सचिव चीन तामाङले गरेका थिए।



तस्वीरः प्रतीक

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |